# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदनः

रामग्राम नगरपालिका कार्यालयको आर्थिक वर्ष ०७१।०७२ मा सम्पादन भएका सेवा प्रवाह एवं रामग्राम नगरपालिकाको आ.व.०७१।०७२मा सम्पादन गरेको सेवा तथा विकास निर्माणका कामहरु बारे जानकारी लिन दिन कार्यालय प्रतिको गुनासो सुन्न एवं सुझावहरु लिन गत आ.व.मा कार्यालयले ३ वटा सर्वाजनिक सुनुवाई कार्याक्रम आयोजना गरेको थियो । जस मध्य पहिलो सार्वजनिक सुनुवाईहरु रामग्राम नगरपालिका वडा नं. ८, रामग्राम न.पा. वडा नं.८ लोहसडा स्कुलमा भएको थियो ।

कार्यक्रमका सहभागी भएका टोल विकास संस्थाका प्रतिनिधि तथा नगर विकास संस्थाका प्रतिनिधि नागरिक समाज, नागरिक वडा मंच, नागरिक सचेतना केन्द्र, विभिन्न गठित बाल क्लबहरु, राजनैतिक दलका प्रतिनिधि, पत्रकार तथा अन्य सर्व साधारणहरुले विभिन्न जिज्ञासा एवं सुझावहरु दिनु भएको थियो । कार्यक्रममा सहभागीहरुका तर्फबाट उठाइएका सवालहरुको रामग्राम नगरपालिका नि. कार्यकारी अधिकृत कुन्दन कुमार चौधरी एवं सम्बन्धित शाखाका प्रमुखबाट जवाफ दिइएको थियो ।

अनुसूची ४

(बुंदा नं. ७६ संग सम्बन्धित)

सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन

सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :नि. का.अ.श्री कुन्दन कुमार चौधरी

- सुनुवाई गरिएका विषयबस्तुहरु
  - क) नगरपालिकाले प्रदान गर्ने सेवा सम्बन्धि :
  - ख) प्रशासन सम्बन्धी :
  - ग) शहरी विकास सम्बन्धी :
  - घ) आर्थिक प्रशासन सम्बन्धी :
  - ङ) सामाजिक विकास सम्बन्धी :
  - च) योजना सम्बन्धी
  - छ) विद्युत, सरसफाई तथा भवन निर्माण सम्बन्धी
- कार्यक्रम आयोजना स्थल : रामग्राम न.पा. वडा नं. ४ वडा कार्यालयको लागी निर्मित भवनमा, वैरिहवा
- कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७१।७२७स गते विहान ८:०० बजे विहिवार
- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ८:०० बजे देखि ११ :१५ बजे सम्म
- उठेका प्रश्न / जिज्ञासा र उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने कर्मचारी को नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | नन्दु धोवी नौडिहवा ७ टो वि. स. अध्यक्ष | सरसफाईमा जोड दिदा दिदै काम रोकेकोमा त्यस्ता व्यक्तिहरुको काम भई रहेको छ । किन सरसफाईमा जोड दिन पर्छ ।<br>सामुदायीक भवन अधुरो छ किन । | भगौती यादव प्रा. | वडा समन्वय समितिको सिफारिस वाट काम भएको छ । अन्य शाखावाट भएको भए सच्याउने र सरसफाईको हकमा न. पा. को वजेटवाट वनेका शौचालय संचालनमा छ । अरुको छैन अधुरो भवनको लागी आ.व. को परिषदमा रकम विनियोजित गर्नु पर्छ । |
| २ | शम्भु उपाध्याय रामग्राम ७ देउरवा | कार्यालय प्रमुख सार्वजनिक सुनवाई मा उपस्थित नहुने किन<br>घर भत्काउने कार्यक्रममा विजुली वाजेको घर परेको न. पा. ले उत्तर च्यापेर वाटो विस्तार गरेको किन ।<br>सरसफाई पुरै वडामा हुनु पर्नेमा महिनाको १ पटक मात्र हुन्छ र महिला शशक्तिकरणको वजेट आफुले नगरी महिला विकास कार्यालय मार्फत किन गरियो ।<br>वर्षको १ पटक मात्र भएको किन । | नि.का. अ.कुन्दन कुमार चाधरी | मन्त्रालयवाट उपस्थित हुन काठमाण्डौ वोलाएको हुदा यहा उपस्थित हुन नसकेको ।<br>वर्चा मात्र छोएको ले निजलाई भनिएको छ हटाउन । महिला शसक्तिकरण कार्यक्म न. पा. को वजेट महिला विकास कार्यालयमा गएको छैन सहकार्य मात्र हो ।<br>समाग्री भएको खण्डमा २ पटक नभएमा १ पटक मात्र भएको छ । |
| ३ | हरि नारायण गुप्ता ८ वैकुण्ठपुर | नक्कली जन्म दर्ता वनाई नक्कली काम गराएको किन जन्म दर्ता सच्चाईएन ।<br>नगरपालिका क्षेत्र भित्र हुलाकी वाटो किन पिच हुदैन । | नि.का. अ.कुन्दन कुमार चाधरी | जन्मदर्ता सच्याउन नमिल्ने भएको ले सडक विभाग ले हेर्ने हुदा न. पा. त्यस सडकमा काम नगरेको । |
| ४ | देवेन्द्र गुप्ता रामग्राम न.पा. ८ | टो. वि. स. हरु कालो सुचीमा परेकालाई किन कार्वाही हुदैन । | नि.का. अ.कुन्दन कुमार चाधरी | रकम नतिर्ने टो. वि. स. हरुको रकम यसै वर्ष असुल हुनेछ । |
| ६ | प्रमहसं गुप्ता रामग्राम ८ लोहसडा | नालाको पानी निकासमा समस्या निकासको व्यवस्था गर्नु पर्ने ।<br>खानेपानी र चर्पी सवै वडामा वाडीयो लोहसडा गाउमा वाडिएन ।<br>सडक वत्ति वडामा १ पटक मात्र मर्मत हुन्छ किन । | नि.का. अ.कुन्दन कुमार चाधरी | सम्वन्धित टोलको अगवाईमा मात्र पानी निकास गर्नु पर्छ ।<br>आईतवार सम्म सामाग्री उपलव्ध गराईने छ ।<br>वजेटको व्यवस्था भएमा निरन्तरता दिईने छ । |

| | | | | |
|---|---|---|---|---|
| ७. | मनोज कुमार हरिजन ८ | भवन भत्काउदा मुवाव्जा दिन पर्यो, गाउ बलकको जग्गा किन नापीएको छैन। नापी नहुन्जेल सम्म शौचालय नवनाउने र ८ न. प्रति नापी गरी टो. वि. स. को विकासको लागी दिनु पर्ने। | नि.का. अ.कुन्दन कुमार चाधरी | नापी २,३ महिना भित्र नापी शुरु हुन्छ टो. वि. स. को निर्णय सहित आएमा नापी गरी छुटयाउने कार्य अगाडी बडाईने छ। |
| ८. | शर्मा प्र. यादव रामग्राम १२ | आयोगको सुचना नगरपालिकाले सुचना पाटीमा टाँस गरेन किन। न. पा. का सुकुम्वासी, अव्यवस्थित लाई सिफरिस दिएन किन। | नि.का. अ.कुन्दन कुमार चाधरी | सुचना टास सुचना पाटीमा टास हुन भुल भएमा सुधार गर्ने। सुकुम्वासी समस्या सामाधान आयोगको राजपत्र वमोजिम गरिने छ। |
| ९. | मुकुन्द सुचिकार | यस वर्ष ४५०,००० विनियोजन गरिको थाहा पाए यस विधालयको बजेट नकाटियोस | नि.का. अ.कुन्दन कुमार चाधरी | विचारधिन गरिने छ। |

८ : ०० बजे कार्यक्रम प्रारम्भ भई ११ :१५ बजे सम्पन्न भयो।

प्रतिवेदन दिएको मिति : २०७१।८।२ गते

तयार गर्ने : सन्तोष कुमार घिमिरे
दस्तखत :

सा.सु.संयोजक : नि. का.अ.कुन्दन कुमार चौधरी
स्तखत :